# खजुरा गाउँपालिका

# Khajura Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

# Office of Rural Municipal Executive

खजुरा,बाँके
Khajura,Banke

लुम्बिनी प्रदेश सरकार,नेपाल
Lumbini Province Government,Nepal


---

प.सं. (Ref.No):- २०८१/०८२ (राजस्व शाखा) मिति (Date):-२०८१-०७-१२

च.नं. (Des.No):- ३८४

<u>बिषय :-स्थानीय तहमा राजस्व भुक्तानिको लागी **Local Revenue -Mobile**</u>

<u>**Mobile Application** सुचारु भएको सम्वन्धमा।</u>

श्री जो जस संग सम्बन्ध राख्दछ ।

प्रस्तुत बिषयमा महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाण्डौको मिति २०८१-०७-१२ पत्र चलानि नम्बर ४१ को प्राप्त पत्र अनुसार स्थानिय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा २०७९ माघदेखी Revenue Module संञ्चालनमा ल्याईएको ब्यहोरा सर्ब विदितै छ. ।स्थानिय तहमा करदाता/सेवाग्राहिले अनलाईन रुपमा राजस्व बुझाउन मिल्ने गरी २०८० पौषमा संचालनमा आएको Local Level Revenue Portal को Mobile Application मिति २०८१-०७-११ देखी शुरु भएको छ । उक्त Mobole Application (Local Revenue -LLRP) हाल Android System का लागी Google Play Store बाट Download गर्न सकिने र करदाता/सेवाग्राहीले Account Create गरी सोही Application बाट सम्वन्धित स्थानीय तहमा राजस्व बुझाउन सक्ने व्यवस्था गरिएकोले, खजुरा गाँउपालिका भित्रका सम्पुर्ण सेवाग्राही/करदाता ज्युहरुलाई Online बाटै राजस्व भुक्तानि गरी लाभ लिनको लागी सम्पुर्णमा जानकारी गराईन्छ ।साथै User Manual यसैसाथ संलग्न रहेको व्यहोरा अनुरोध छ ।

<u>**बोधार्थ:-**</u>

**श्री शाखाहरु सबै ,वडा कार्यालयहरु सबै :-** सुचना प्रवाहगरी वडा कार्यालयहरु/शाखाहरुमा सुचना टाँस गरीदिनुहुन ।

**श्री सुचना प्रविधि शाखा :-** शाखा,वडा कार्यालयहरु लाई Mail र पालिकाको Facebook, Website सबैमा सुचना प्रवाह गरीदिनुहुन अनुरोध छ ।

१२

**बस बहादुर राना**
**प्रमुख प्रशासकीय अधिकृत**


---

# Local Level Revenue Portal User Manual


स्थानीय तह राजस्व पोर्टलको प्रयोग गरी स्थानीय तहका सेवाग्राही वा करदाताले अनलाइन रुपमा राजस्व वुझाउन र आफ्नो व्यक्तिगत, संस्थागत एवं व्यावसाययक विवरणहरु प्रविस्ट गर्न सक्ने व्यवस्था छ ।

## युजर वनाउने :

App open गर्दा तलको login screen देखिन्छ ।





युजर पहिल्यै वनाएको भए मोवाइल नं र पासवर्ट राखेर Login वर्नमा क्लिक गरी लगइन गर्न सकिन्छ । युजर नवनाएको भए APP मा लगइन गर्नका लागि युजर वनाउनु पर्छ । युजर वनाउनका लायग यसै स्क्रीनमा रहेको Create an account मा क्लिक गरेपछि देहायको Form खुल्छ ।




माथिको form मा आफ्नो विवरण राखेर signup मा click गरेपछि मायि राखिएको मोवाइल नं मा OTP Code प्राप्त हुन्छ । त्यो OTP code राखेर Submit गरेपयछ नयाँ युजरवाट पोर्टलमा लगइन गर्न सकिन्छ ।


लगइन सफल भएमा देहायको त्तस्क्रन देखिन्छ:



## करदाता आवद्ध गर्ने :


करदाता आवद्ध गराउनका लागि करदाता आवद्धता मेनुमा Click गरेपछि देहायको Form खुल्दछ ।

माथिको फोरम २ ओटा ट्याव मध्ये पहिलो ट्याव करदाता आबद्ध गर्नुहोस, जिल्ला, स्थानीय तह, मोवाइल नं, करदाता कोर् (नयाँ -स्थानीय तहले उपलब्ध गराएको सुत्र राजस्व मोड्युलको) प्रविस्ट गर्नुपर्दछ । नयाँ करदाता कोड नभएको र संकेत मात्र भएको अवस्थामा नयाँ करदाता कोडलाई खाली छोडी पुरानो करदाता सकेत मा टिक गरेर सबै विवरण राखेर save मा click गर्ने । अर्को ट्याब मा जल्ला, स्थानीय तह, करदाताको प्रकार, कागजातको प्रकार, कागजात अपलोरड, मोवाइल नं र अन्य विवरण/कैफियत (कुनै भए) प्रविस्ट गर्नुपर्दछ । त्यसपछी स्थानीय तहले यसलाई Approve गरेपछी यस पोर्टलमा करदाता आवद्ध हुन्छ ।





## राजस्व भुक्तानी गर्ने :

करदाताले स्थानीय तहमा वुझाउनुपने राजस्व अनलाइन प्रणालीवाट वुझाउनका लागि यस पोर्टलको प्रयोग गर्न सकिन्छ राजस्व भुक्तानीका लागि राजस्व दाक्तिला भौचर तयार गर्नुपर्दछ । यसका लागि राजस्व भुक्तानी मेनुमा Click गरेपछि यस्तो screen देखिन्छ




माथिको सबै विवरण राखेपछि next मा click गर्ने त्यसपछि तलको screen देखिन्छ । यसमा के को कति कर तिर्ने add गर्दै जाने अनि लास्ट मा save मा click गर्ने ।



यसमा कुन मध्यमबाट भुक्तानी गर्नेहो छानी भुक्तानी गर्ने ।

## राजस्व दास्तिला भौचरको रकम भुक्तानी भएपछि भौचर प्रिन्ट गर्ने वा हेर्ने:

यस APP को भुक्तानी स्तिथि मेनुमा Click गरेपछी देहायको screen देखिन्छ ।




उपरोक्त screen मा युजरले तयार गरेका राजस्व दाखिला भौचरहरु र सो को भुक्तानी स्तिथि देखिन्छ ।

## प्रोफाइल:

प्रोफाइलमा युजरको विवरण देखिन्छ ।

